# विश्वविद्यालय अनुदान आयोग
## उच्च शिक्षा सुधार परियोजना

**विद्यमान शैक्षिक कार्यक्रममा परिमार्जन एवम् नयाँ /थप शैक्षिक कार्यक्रमहरूको विकास तथा संचालन सम्बन्धी**

## प्रस्ताव आव्हानको सूचना

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षा सुधार परियोजना अन्तर्गत वर्तमान शैक्षिक प्रणालीमा समयसापेक्ष सुधार गर्दै राष्ट्रिय प्राथमिकताका क्षेत्रमा पर्ने बजारोन्मुख नयाँ/परिमार्जित शैक्षिक कार्यक्रम सञ्चालन/विस्तार गरी राष्ट्रको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउन मानव संसाधन उत्पादन गर्ने लक्ष्य अनुरुप विश्वविद्यालयहरु र सो अन्तर्गतका उच्च शिक्षा संस्थाहरुलाई **"विद्यमान शैक्षिक कार्यक्रममा परिमार्जन तथा नयाँ/थप कार्यक्रमहरूको विकास तथा संचालन"** कार्यक्रम अन्तर्गत निम्नानुसार अनुदान सहयोगको व्यवस्था भएकोले निर्धारित मापदण्ड भित्रका उच्च शिक्षा संस्थाहरुले **मिति २०७४ फाल्गुन ३० गते** भित्र आयोगमा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

परियोजना कार्यान्वयन निर्देशिकाको अनुसूची - ८.५ (ख) बमोजिम विद्यमान शैक्षिक कार्यक्रममा परिमार्जन एवम् प्राथमिकता क्षेत्रका नयाँ/थप शैक्षिक कार्यक्रमहरु लागु गरिएकोमा अनुसूची - २ अनुसार आधारभूत मापदण्ड तथा आवश्यकता पूरा गरेका उच्च शिक्षा संस्थाहरूले सहयोगका लागि आयोगमा आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्न सक्नेछन् । प्राप्त प्रस्तावहरूमध्ये प्रतिस्पर्धाका आधारमा छनोट भएका प्रस्तावहरुलाई आयोगबाट सहयोग उपलब्ध गराइने छ ।

**प्रस्ताव पेश गर्दा बुझाउनु पर्ने मुख्य कागजातहरुः** (क) शैक्षिक कार्यक्रमको course structure, curriculum र संचालनको स्वीकृति बारे सम्बन्धित् विश्वविद्यालय प्राज्ञिक परिषदको सही छाप सहितको निर्णयका प्रतिलिपीहरु (ख) विश्वविद्यालय अनुदान आयोगको website मा राखिएको proposal outline अनुसार तयार गरी सम्बन्धित् पदाधिकारीबाट सही गरिएको प्रस्ताव, (ग) विद्यार्थी भर्नाको नामावली (घ) Curriculum । अन्य कागजातहरुका हकमा आयोगको website मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

**नोटः** यस सूचनासंग सम्बन्धित् प्रावधान तथा प्रकृयागत विस्तृत विवरण आयोगको website **www.ugcnepal.edu.np** बाट प्राप्त गर्न सकिने छ ।

***थप जानकारीका लागि***
*विश्वविद्यालय अनुदान आयोग*
*रिफर्म युनिट*
*फोन नं. ०१-६६३८५४८/४९/५० /५१ (एक्स्टेन्सन नं. १४३, १४५, १४८)*
*सानोठिमी, भक्तपुर*